# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०७७/०७८ मिति :- २०७७/०६/२०

चलानी नं. :- ४२५

विषय :- राय सुझाव उपलब्ध गराईएको सम्बन्धमा ।

श्री उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय,
विद्युत विकास विभाग,
सानो गौचरण, काठमाण्डौं ।

प्रस्तुत विषयमा तहाँ विभागको च.नं. ७८८ मिति २०७७/०६/१६ गतेको पत्र प्राप्त भएको व्यहोरा अनुरोध छ । काभ्रे जिल्लाको खानीखोला र महाभारत गाउँपालिका, सिन्धुली जिल्लाको हरिहरपुरगढी र मरिण गाउँपालिका तथा मकवानपुर जिल्लाको वागमती गाउँपालिकामा अवस्थित कोखाजोर खोलामा प्रस्तावित जलाशययुक्त जलविद्युत आयोजना (११० मे.वा.) को वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण प्रतिवेदनका लागि राय सुझाव माग भई आएकोमा यस गाउँपालिकाको तर्फवाट देहाय बमोजिम राय सुझावहरु पेश गरिएको व्यहोरा अनुरोध छ ।

१. प्रभावित क्षेत्रका बासिन्दाहरुलाई शेयरको व्यवस्था गर्नुपर्नेछ ।
२. प्रभावित क्षेत्रका बासिन्दाहरुलाई रोजगारीको व्यवस्था गर्नुपर्नेछ ।
३. वातावरणीय प्रभावलाई न्यूनिकरण हुने गरी आयोजना सञ्चालन गर्नुपर्नेछ ।
४. आयोजना स्थलमा दुर्घटना भएमा क्षतिपुर्तिको व्यवस्थापन गर्नुपर्नेछ ।
५. प्रभावित जग्गाधनीहरुलाई उचित मुआब्जाको व्यवस्थापन गर्नुपर्नेछ ।
६. बाध निर्माणका कारणले खोलाको सतह वढि वस्ति स्थान्तरण गर्नु पर्ने भए उचित सुरक्षित स्थानमा वस्ति स्थान्तरण गर्नुपर्नेछ ।
७. निर्माणको क्रममा हुन सक्ने पहिरो रोकथामको उचित प्रविधिक व्यवस्था हुनुपर्नेछ ।
८. आयोजना संचालनबाट स्थानीय जैविक प्रणाली तथा स्थानीय जलचर (माछा) पर्ने प्रतिकुल प्रभावको उचित न्यूनिकरणका उपायहरु अवलम्बन गर्नेपर्नेछ ।
९. वातावरणीय संरक्षण ऐन २०७६ र नियमावली २०७७ अनुसार जैविक, भौतिक र सास्कृतिक प्रणालीमा पर्न सक्ने प्रभाव न्युनिकरण गर्नुपर्ने ।

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

इमेल: info@marinmun.gov.np "नतिजामुखी प्रशासन समृद्धि र सुशासन" www.marinmun.gov.np

# कोखाजोर जलाशययुक्त जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण कार्यसूची तथा सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशन मिती:.................)**

बागमती प्रदेश अन्तर्गत काभ्रेपलानचोक जिल्लाको खानीखोला गाउँपालिका ; महाभारत गाउँपालिका र सिन्धुली जिल्लाको हरीहरपुरगढी गाउँपालिका र मरिण गाउँपालिका तथा मकवानपुर जिल्लाको बागमती गाउँपालिकामा ,श्री विद्युत विकास विभागद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | श्री विद्युत विकाश विभाग, सानोगौचरण, काठमाण्डौ, नेपाल |
| प्रस्तावको व्यहोरा | विद्युत विकास विभागद्धारा काभ्रेपलान्चोक जिल्लाको खानीखोला गाउँपालिका र महाभारत गाउँपालिका, सिन्धुली जिल्लाको हरिहरपुरगढी र मरिण गाउँपालिका भएर बग्ने कोखाजोर खोलामा ११०.० मे.वा. क्षमता जडित कोखाजोर जलाशययुक्त जलविद्युत आयोजनाको निर्माणका लागि प्रस्ताव गरिएको छ।<br>प्रस्तावित आयोजना जलाशय युक्त रहेको छ । प्रस्तावित आयोजनाका मूख्य अवयवहरुमा बाँध ,डाइभर्जन वेयर, इन्टेक, ग्राभेल ट्र्याप, सेटलीङ्ग बेसीन, हेडरेस टनेल , पेनस्टक पाइप, विद्युत गृह तथा टेलरेस हुन्। प्रस्तावित आयोजनाको डिजाइन डिसर्चाज ५४.५५ घन मिटर प्रति सेकेण्ड रहेको छ। प्रस्तावित आयोजनाको इन्टेकको जलाधार क्षेत्र २८२ वर्ग कि.मी. रहेको छ। उक्त आयोजना कार्यान्वयन गर्नुपूर्व वातावरणीय संरक्षण नियमावली २०७७ को नियम ४ को उपनियम २ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीका लागि क्षेत्र निर्धारण तथा कार्यसूची तयारीका लागि यो सूचना प्रकाशित गरीएको छ। |
| प्रभाव पर्ने सक्ने जिल्ला/न. पा. / गा. पा. | काभ्रेपलानचोक जिल्लाको खानीखोला गाउँपालिका , महाभारत गाउँपालिका |
| | सिन्धुली जिल्लाको हरीहरपुरगढी गाउँपालिका र मरिण गाउँपालिका |
| | मकवानपुर जिल्लाको बागमती गाउँपालिका , |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी सामुदायिक वन तथा सम्पूर्ण सरोकारवाला व्यक्ति वा संस्थाहरुको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **विद्युत विकास विभाग**<br>ठेगाना : सानो गौचरण, काठमाण्डौ नेपाल ।<br>फोन नं : ०१४४८०३२६, ०१४४७९५०७, ०१४४८०४२५<br>फ्याक्स नं : ४४८०२५७<br>इमेल: info@doed.gov.np<br>वेबसाइट: www.doed.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | परामर्शदाताको JV कार्यालय<br>**JV Venture of Energy Infratech Pvt. Ltd. (EIPL) and GEOCE Consultants (P.)Ltd. with TECHNOQUARRY consults (P) Ltd and BEAM Consultancy (P) Ltd**<br>Kiran Bhawan Marg, Sanepa, Lalitpur, Nepal<br>Email : geoce@info.com.np<br>Phone : +977-1-5521175, 5545542<br>Fax :+977-1-5526096 |